नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ४९ २०७८ साल भदौं २८ गते सोमबार (13 Sep. 2021 Monday) मूल्य रु. ५/-

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धताः

व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : होटलमा छैन उत्साह : धमाधम ... ३ पृष्ठमा : प्रदेश-२ को आर्थिक वृद्धिदर ... ३ पृष्ठमा अफगानी महिला काममा ...

## राजनैतिक आडमा शिक्षा मन्त्रालयसँग साठगाँठ गर्दै करोडौंको ठगि

**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं ।**

रौतहटका एक व्यक्ति राजनैतिक आडमा शिक्षा मन्त्रालयसँग साठगाठ गर्दै करोडौ रुपैया ठगि गरेको तथ्य बाहिरिएको छ ।

रौतहटको इशनाथपुर हाल औरैया ९ निवासी ५० वर्षिय संजय झा नेपाली काग्रेसका सांसद अमरेश नारायण सिंहको सासद पदको दुरुपयोग गर्दै शिक्षा मन्त्रालयमा विभिन्न कलेजहरुको स्वीकृतीका लागि दर्ता भएका फायलहरु समेत लिने गरेको खुलासा भएको छ । झा सासद सिंहका आफ्नै बहिनिज्वाई हुन् ।

झाले दर्ता भएका फायल तथा बिबादित कलेजहरु जम्मा गर्दै सम्बन्धित निकायबाट त्यसको स्वीकृतिका लागि विभिन्न व्यक्ति तथा कम्पनिहरुसग करोडौ रुपैंया उठाउने गरेका छन् । कुनै न कुनै किसिमको विवाद निकाल्दै कलेजको शेयर पनि नदिने तथा आफुले लिएको रकम समेत फिर्ता नगर्ने गरेको तथ्य खुलेको छ ।

ललितपुरको ग्वार्कोमा बस्दै आएका झाले मुलुकको विभिन्न कलेजहरुको समस्या समाधान गराइदिने भन्दै त्यस्ता कलेजहरुको संयोजक बन्दै आएका छन् । उनले मन्त्रालयसँगको साठगाँठमा कलेजसँगको सम्बन्धित समस्या समाधान गर्ने भनि विभिन्न विश्वबिद्यालयको लब्धाङ्क पत्रदेखि प्रमाणपत्र तथा समरुपता सहितको डिजाईन गर्ने र वितरण गर्ने गराउने जिम्मेबारी सहितको व्यवस्थापनको नाउमा कार्य गर्दै आइरहेका छन ।



राजनैतिक आडमा करोडौको ठगि गरेका रौतहटको इशनाथपुर हाल औरैया ९ निवासी ५० वर्षिय संजय झा । *तस्बिर : राजविराज दैनिक*

अनेक ठगि प्रकरणमा पाटन उच्च अदालतको परमादेशबाट अहिले पक्राउ परेका झा प्रहरी थुनामा भने छैनन् । पक्राउ परेपछि न्युनतम पनि २५ दिन प्रहरी थुनामा राखी अनुसन्धान तथा बयान लिने गरिन्छ । प्रहरीले पक्राउ गरे लगत्तै झालाई छुटाउन झाका जेठान काग्रेस सांसद अमरेश सिह प्रहरी परिसर टेकु पुगे र करिब ४ घण्टा त्यही बिताए ।

अन्ततः स्वस्थ्य अवस्थामा पक्राउ परेका झालाई बिरामी रहेको भन्दै काठमाडौं मेडिकल कलेज सिनामंगलमा भर्ना गरियो । यसरी स्वस्थ्य अवस्थामा पक्राउ परेपनि सांसदको शक्ति आडमा झा प्रहरी थुनामा नरही अहिले अस्पतालमा बसिरहेका छन । बिरामी भनिएका झालाई सुरुमा सिनामंगलस्थित केएमसी अस्पतालको आईसोलेसन वार्डको केबिन नम्बर १३ र १८ मा रखिएको भनिएता पनि केबिन नम्बर परिबर्तन भई रहने गरेका छन् । अस्पताल नै बस्नु पर्ने अवस्थाको बिरामी रहेका भनि अस्पताल भर्ना गरिएका झा भने अधिकांश समय फेसबुकमा रमाइरहेका छन ।

यसैबीच धरानका लोकेन्द्र श्रेष्ठ लगायत मनोज श्रेष्ठसग झाले कलेजको काम गर्ने र शेयर दिने नाउँमा लाखौ रकम लिएको पीडितहरुले बताएका छन् । झाले श्रेष्ठसग केन्ट कलेज अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट लगायत वेलहृयाम्स एजुकेशन नेटवर्क, हाल केन्ट कलेज को नाउँमा एक करोड रुपैंया लिएको प्रमाण छ ।

त्यसैगरी झाले शिक्षा मन्त्रालयबाट भिरिन्ची कलेजको स्वीकृति दिलाइदिने भन्दै त्यसको सम्झौता गरी दश लाख रुपैंया लिएको समेत देखिन्छ ।

यदि मन्त्रालयबाट सम्झौता गराउन नसके आफुले लिएको दश लाख रुपैंया फिर्ता गर्ने भन्दै ग्यारेन्टी स्वरूप झाले नेपाल एसबिआई बैंकमा रहेको आफ्नो खाताको दश लाख रुपैंयाको चेक मनोज श्रेष्ठलाई दिएको देखिन्छ । हालसम्म झाले न काम गरिदिए नत पैसा नै फिर्ता गरेका छन ।

वेल्ह्याम्स एजुकेशन नेटवर्क प्रालिको शेयर दिने भन्दै झाले धनुषाका प्रविन कुमार झासग सुरुवाती लगानी गर्दै प्रविन झालाई शेयर कायम नगरी ललितपुरका सुयोग्यमान तुलाधरसग कम्पनि किनबेचको सम्झौता गरी २५ लाख रुपैंया लिएका थिए । पछि तुलाधरसग समेत विवाद गरी उक्त कम्पनि पुनः अन्य व्यक्तिलाई बेचेको देखिन्छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## एमसिसी विरुद्ध युवाहरूद्वारा सिटी जुलुस प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं ।**

एमसिसी विरुद्धमा युवाहरूले राजविराजमा आइतबार सिटी जुलुस प्रदर्शन गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी सप्तरी निकट युवाहरूले राष्ट्रघाती एमसिसी सम्झौता खारेज गर, राष्ट्र स्वाधिनताको रक्षा गर लगायतका नारासहित सिटी जुलुसको प्रदर्शन गरेको हो ।

युवा नेता रामनारायण मण्डलको अगुवाई नगरको विभिन्न ठाउमा सिटी जुलुस प्रदर्शन गर्दै दशन चौकमा कोण सभामा परिणत भएको थियो ।

एमसिसी देशको लागि घातक भएकोले कुनैपनि हालतमा लागु हुन नदिने यूवाहरुले बताएका छन् । एमसिसी लागु भएपछी नेपालको अवस्था अफगानिस्तान जस्तै हुनेभएकाले यसलाई रोक्न सबै युवा एकजुट हुनुपर्ने आग्रह गरिएको छ ।

देशमा रोजगारीको अभावमा बिदेशिएका युवाले रेमिटान्स मार्फत बर्षको ९ सय ६१ अरब ५० करोड रुपैया पठाउने गर्दछन । तर मात्र ५० अरब रुपैयाको लागि प्रधानमन्त्री शेर बहादुर देउवाले अमेरिका संग देशको अस्मिता बेच्न नपाईने कोणसभामा युवा नेता रामनारायण मण्डल बताएका थिए ।

प्रधानमन्त्री देउवाले बल

*बाँकी दुई पृष्ठमा*

कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।




अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ ।
कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### ट्राफिक नियम बारे चेतना जगाऔं

सप्तरीमा सडक दुर्घटना नियन्त्रण हुन सकिरहेको छैन । दुर्घटना हुने प्रतिको जिम्मेवार को ? यसले आफैमा एउटा प्रश्न खडा गर्छ । किन भने दुर्घटना हुने मुख्य कारण बढी गति, अनियन्त्रित हकाई, मदिरा सेवन र ओभरटेक लगायतका हुन । यी कुराप्रति ध्यान नपुर्याउँदा दुर्घटना निश्चित छ । यस बाहेक पनि अन्य तथ्य छन् तर, तयो भबितब्य हो ।

राजमार्गमा प्रहरीले सधैं गस्ती गर्नुका साथै प्रहरी चौकी र चेक पोष्टहरु छन् । यी पोष्ट तथा चौकीहरु राख्नुको अर्थ यातायातको गति तिब्र तथा विभिन्न घटनाहरु नहुनदिनु हो । तर यी सबैको वास्ता नगरि गाडीहरु आफ्नै धुनमा जाने गरेको पाइन्छ भने प्रहरीहरु पनि यसलाई नदेखे जस्तो गर्छन् । प्रहरीले मात्र लाइसेन्स र ब्लु बुक चेक गरेर पुग्दैन कि सवारीसाधनहरुको गति कम गर्न कडा निर्देशन र ओभरटेक नगर्न समेत चेतना दिनुको साथै राजमार्ग क्षेत्रका व्यक्तिहरुलाई ट्राफिक नियम बारे चेतना जगाउनु आवश्यक भएको छ ।

तसर्थ यस्ता घटना दुर्घटनाहरुबाट मानिसहरुको अकालमै मृत्यु हुने गरेको छ । यसलाई रोक्न एवं नियन्त्रण गर्न सम्बन्धित निकायले कडा कदम चाल्नु आवश्यक छ । साथै यातायातका साधनहरुले आफ्नो गतिमा कमी ल्याउनुको साथै यात्रुहरुले सुरक्षित यात्रा गर्न पाउन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# होटलमा छैन उत्साह : धमाधम बुकिङ रद्द

काठमाडौँ, २७ भदौ (रासस) ।

शरद ऋतु नेपालको पर्यटनका लागि अनुकूल मौसम । यो याममा पदयात्रा र पर्वतारोहणका लागि उल्लेख्य सङ्ख्यामा स्वदेशी पर्यटक नेपाल आउछन् । कोभिड-१९ महामारीको जोखिम नभइदिएको भए यतिखेर विदेशी पर्यटकले नेपालका होटल भरिभराउ हुनेथिए भने पदमार्ग र अन्य धार्मिकस्थलमा विदेशी खचाखच हुन्थे ।

राजधानीको ठमेललगायत देशका प्रमुख पर्यटकीय गन्तव्यमा विदेशी नागरिकको भीडभाड हुन्थ्यो तर कोभिडले सबैभन्दा बढी प्रभावित बनाएको मुलुकको पर्यटन क्षेत्रमा अहिले पनि खासै उत्साह छैन । पर्यटन पूर्वाधारमा लगानी बढाएका व्यसायी निरास छन् । पर्यटनसँग जोडिएका सबैजसो व्यापार व्यवसाय चौपट छ । झिनो सङ्ख्यामा भए पनि पर्यटक पाहुनाको पर्खाइमा छन् व्यवसायी ।

कोभिडको दोस्रो लहरपछि नेपालको पर्यटन क्षेत्रमा सकारात्मक गतिविधि बढ्ने अपेक्षा थियो । अझै पनि तेस्रो लहरको जोखिम कायमै रहेकाले पर्यटक र पर्यटकीय गतिविधि बढ्ने अवस्था छैन । यतिखेर पर्यटकले धमाधम बुकिङ रद्द गरिरहेका छन् । महामारीकैबीच बुकिङ रद्द भएपछि व्यसायीमा थप त्रास बढेको छ । पर्यटकस्तरदेखि तारे होटलका बुकिङ धमाधम रद्द भइरहेको होटल सङ्घ नेपाल (हान) ले जनाएको छ ।

अहिले राजधानी काठमाडौँमा निषेधाज्ञा हटेको छ । सबै होटल खुलेका छन् तर होटलमा ग्राहक छैनन् । तत्कालै विदेशी नेपाल आउने अवस्था पनि छैन । हानका प्रथम उपाध्यक्ष विनायक शाहले पर्यटकीय याममा धमाधम बुकिङ रद्द हुनुले व्यसायीलाई थप निरास तुल्याएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “होटल त खुलेका छन् पाहुना छैनन् । बुकिङ पनि रद्द भइरहेका छन् यसले होटल क्षेत्रलाई झनै निरास बनाएको छ । खर्बौंको लगानी जोखिममा छ ।”

सेप्टेम्बरको मध्यतिर पनि नेपाल आउनेखाले विदेशी नागरिक तत्काल आउने अवस्था छैन । विमानस्थल होटलमा अल्पाइन ग्रुपका जर्मन नागरिक करिब ५० जनासम्म हरेक वर्ष वार्षिकोत्सव मनाउन नेपाल आउने गरेका थिए । यो पटक उनीहरु आउने अवस्था छैन । बुकिङ रद्द गर्दैछन् । सगरमाथा आधार शिविरसम्म यात्रा गर्ने ती विदेशीले यो वर्ष यात्रा रद्द गरेका हुन् ।

हानका अनुसार अहिले आधाभन्दा बढी बुकिङ रद्द भइसकेका छन् । नेपाल आउने विदेशीले वर्षादिनदेखि छ महिनाअघि बुकिङ गर्छन् । पन्ध्र दिनअघिसम्म बुकिङ रद्द गर्दा शुल्क लाग्दैन । नेपालमा वर्षायाम सकिएलगत्तै विदेशी आउन थाल्छन् । विशेषगरी अक्टोबर, नोभेम्बर र डिसेम्भर महिनामा विदेशी पर्यटक बढी आउछन् । हानमा आबद्ध साना ठूला गरी करिब चार हजार होटल छन् ।

हानका उपाध्यक्ष सामान्य अवस्थामा यो याममा करिब ८० प्रतिशत होटल बुकिङ हुन्थ्यो । अहिले १० प्रतिशतभन्दा कम बुकिङ थियो । सन् २०२० मा पनि करिब १० प्रतिशत मात्रै बुकिङ थियो । नेपाल आउने विदेशी पर्यटकले अहिले सात दिन क्वारेन्टिन बस्नुपर्छ । खोपको मात्रा पूरा गरेर आए पनि क्वारेन्टिन बस्नुपर्ने बाध्यता र अनअराइभल भिसाको सुनिश्चितता नहुँदासम्म पर्यटक नबढ्ने व्यवसायीको भनाइ छ ।

यो पटक पर्यटक बढ्नेछन् किनकी विदेशी राहदानी भएका नेपाली आइरहेका छन् । कूटनीतिक नियोग, गैरसरकारी संस्था, बहुर्राष्ट्रिय कम्पनीका कर्मचारी पनि नेपाल भित्रिइरहेका छन् । अक्टोबर महिनामा हुने गैर आवासीय नेपाली सङ्घको निर्वाचनले पनि यो वर्ष नेपाल आउनेको सङ्ख्या बढ्ने अनुमान गरिएको छ ।

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्युत गुरागाईंले मुख्य पर्यटकीय याममा पनि बुकिङ रद्द भइरहनुले व्यवसायीलाई थप निरास तुल्याएको भन्दै खोप लगाएर आउने पर्यटकलाई सहजै नेपालका गन्तव्यमा घुम्ने वातावरण सिर्जना गरिनुपर्ने खाँचो औंल्याउनुभयो । उहाँले भन्नुभयो, “अक्टोबरका लागि ग्रुप रद्द भइसके, व्यवसायीको ठूलो लगानी धराशायी अवस्थामा छ, खोप लगाएका पर्यटकलाई सहजरुपले आउन दिनुपर्छ, यो सिजनमा पनि पर्यटक आउन नदिने हो भने व्यवसायी पलायन हुनुपर्ने अवस्था आउँछ ।”

अध्यक्ष गुरागाइँले खोप लगाएर आउने विदेशी नागरिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै अनअराइभल प्रवेशाज्ञा (भिसा) को व्यवस्था गरी हालको क्वारेन्टिन बस्नुपर्ने बाध्यता हटाउन सरकारसँग आग्रह गर्नुभयो । उहाँले भारतीय पर्यटकलाई सहजरुपमा नेपाल आउने वातावरण बनाउन सम्बन्धित निकायले पहल लिनुपर्ने जिकिर गर्नुभयो । नेपालमा १६० भन्दाबढी मुलुकका विदेशी नागरिक विभिन्न प्रयोजनका निम्ति आउने गरेका छन् ।

पर्यटन उद्योगको संरक्षण र प्रवर्द्धनका लागि राज्यले घोषणा गरेका कार्यक्रमको कार्यान्वयनको वातावरण नबन्दा असहज परिस्थिति आएको हानका उपाध्यक्ष शाहको गुनासो छ । उहाँले नीतिगत निर्णय गरेर अघि बढेको खण्डमा विदेशी पर्यटक भित्रिने वातावरण बन्ने भन्दै त्यसका लागि सरकारले बजेट तथा आर्थिक नीतिमा उल्लेख गरेका कामको चाँडो कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो ।

बजेटमा घोषणा भएको विदेशी पर्यटकलाई एक महिनाको निःशुल्क प्रवेशाज्ञा, अनअराइभल प्रवेशाज्ञा जस्ता विषयको तत्काल कार्यान्वयन गरी भारत र चीनको सीमाबाट सहजरुपमा पर्यटक आउने वातावरण बनेमा पर्यटन क्षेत्रलाई राहत हुने उहाँको भनाइ छ ।

अहिले पनि युरोप, अमेरिका, अष्ट्रेलियालगायत महत्वपूर्ण देशले ट्राभल एड्भाइजरी जारी गरी नेपाल आउन प्रतिबन्ध लगाएका छन् । नेपाल सरकारले ट्राभल एड्भाइजरी हटाउन पहल गर्नुपर्ने, प्रतिस्थापन बजेटमार्फत १० दिनको काज बिदाको व्यवस्था तत्काल लागू गर्नुपर्ने व्यवसायीको माग छ ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ (नेपाल) टानका अध्यक्ष खुमबहादुर सुवेदीले सरकारले बजेट र आर्थिक नीतिमा घोषणा गरेका कार्यक्रम चाँडो कार्यान्वयन नगरे व्यवसायी पलायनको अवस्था आउनसक्ने भन्दै पर्यटन पुनरुत्थान र प्रवर्द्धनका लागि साझा कार्यक्रम ल्याइनुपर्नेमा जोड दिनुभयो । उहाँले खोप लगाएर आउने पर्यटकको सहजताका लागि अनआराइभल भिसा तथा क्वारेन्टिन बस्नुपर्ने बाध्यता हटाइनुपर्ने माग गर्नुभयो ।

व्यवसायीले आर्थिक वर्ष २०७८/७९ को बजेटले सम्बोधन गरेका विषय कार्यान्वयन गर्न तथा आर्थिक वर्ष २०७८/०७९ को मौद्रिक नीतिमार्फत घोषणा गरिएको सहुलियत कर्जा प्रवाह, पुनर्तालिकीकरण लगायतका व्यवस्था होटल तथा पर्यटन उद्योगमा सहज र सरलरुपमा वितरण गर्दै कार्यान्वयन पक्षमा जोड दिन व्यवसायीले सराकारसमक्ष अनुरोध गरेका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अगष्ट महिनासम्म आठ महिनाको अवधिमा कूल ६६ हजार ९६६ विदेशी पर्यटक नेपाल आएका छन् । सन् २०२० मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

# अखिल क्रान्तिकारीको जिल्ला स्तरीय प्रशिक्षण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी यूनियन (क्रान्तिकारी)को जिल्ला स्तरीय प्रशिक्षण आइतबार सम्पन्न भएको छ ।

जिल्ला संयोजक रंजित मंडलको अध्यक्षता तथा प्रदेश २ का सदस्य महेश प्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उनले अखिल (क्रान्तिकारी) को विगतमा खेलेको भुमिका वारे चर्चा गरे ।

विगतमा अखिल (क्रान्तिकारी)ले विधार्थी खेलेको भुमिकाको कारण आफ्नो पहिचान बनाउन सफल भएकोले अहिले सवैले गर्व गर्नु परेको बताउँदै उनले आजको युवा, बिद्यार्थीको काधमा देशको महत्वपुर्ण जिम्मेवारी रहेको उल्लेख गरे ।

सो अवसरमा जिसस तथा राजविराज नपाका अध्यक्ष राम गमन साह, उपाध्यक्ष भुपेन्द्र यादव, जिसस राजु जशवाल, जिसस तथा छिन्नमस्ता गापा अध्यक्ष जय प्रकाश यादव, वलान विहुल गापा अध्यक्ष इन्द्र यादव, प्रेस संगठन कार्यालय सदस्य देवराम यादव, अखिल (क्रान्तिकारी) केन्द्रिय सदस्य, सप्तरी जिल्ला इन्चार्ज जयप्रकाश यादवलगायतले प्रशिक्षण दिएका थिए ।

### एमसिसी विरुद्ध ...

प्रयोग गरेर जबर्जजस्ती सम्झौता गरेमा देशमा ठुलो अशान्ति हुने उनले चेतावनी समेत दिए । बिरोध कार्यक्रममा दर्जनौ युवाहरूको सहभागिता रहेको थियो ।




# प्रदेश-२ को आर्थिक वृद्धिदर ३.५ प्रतिशत

धनुषा, २७ भदौ (रासस)।

प्रदेश नं २ सरकारले पहिलो पटक आर्थिक सर्वेक्षण २०७७/७८ प्रकाशित गरेको छ। सरकारले प्रकाशित गरेको आर्थिक सर्वेक्षणअनुसार यस प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेको छ।

प्रत्येक आवको आठ महिनामा आर्थिक सर्वेक्षण प्रकाशित गर्ने प्रावधान रहे पनि प्रदेश सरकार गठन भएदेखि प्रथम पटक सर्वेक्षण प्रकाशित गरिएको हो। प्रदेश सरकारको आर्थिक उन्नतिका लागि गरिबी निवारण, रोजगारी सृर्जना, वित्तीय क्षेत्रको सुधारलगायत आर्थिक सुशासन र वित्तीय सुशासन कायम गरी आर्थिक वृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सोसँग सम्बन्धित विवरण संलग्न गरी आर्थिक सर्वेक्षण सार्वजनिक गरिएको अर्थ मन्त्रालयका सचिव काशिराज दाहालले बताउनुभयो।

सर्वेक्षणमा वित्त, वित्तीय क्षेत्र, गरिबी निवारण, रोजगारी, सुशासन, सामान्य प्रशासन, कृषि, वन तथा भूमि सुधार, उद्योग पर्यटन तथा भौतिक पूर्वाधारका परिसूचक समावेश गरिएको छ। कोभिड-१९ का कारण प्रदेश-२ का मात्र नभई देश कै उद्योग पर्यटनलगायत क्षेत्रमा नकरात्मक असर देखिए पनि कृषि र सेवाको क्षेत्रमा सुधार भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेश नं २ मा आव २०७७/७८ मा कूल गार्हस्थ उत्पादनमा कृषि, सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ३९, ५०.२ र १० प्रतिशत रहेको अनुमान गरिएको थियो। सर्वेक्षणअनुसार राष्ट्रिय तहमा १३.३ प्रतिशत हिस्सा ओगटेको प्रदेश नं २ ले कोरोना महामारीमा पनि राष्ट्रको कूल ग्राहस्थ उत्पादनमा १३.२ प्रतिशत योगदान पुऱ्याउन सफल देखिएको छ।

# महिला संघ समाजवादीको अध्यक्षमा ममता चौधरी




**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं।**

नेकपा एकीकृत समाजवादी पार्टीको जनवर्गीय संगठन अखिल नेपाल महिला संघ (समाजवादी) को आइतबार राजविराजमा जिल्ला कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

सो भेलाले ममता चौधरीको अध्यक्षतामा १ सय ३५ सदस्यीय जिल्ला कमिटी सर्वसम्मतले चयन गरेको छ।

गठित समितिको उपाध्यक्षद्वयमा अम्विका दाहाल र गीता थापा, सचिवमा हिरा चौधरी, सहसचिवद्धयमा मीरा गुप्ता र कमरेड चन्द्रकला चौधरी लगायत छन्।

आयोजित भेलामा समाजवादीका नेता रामप्रित पासवान, अखिल महिला साहित्यिक संघकी अध्यक्ष पार्वती राउत, सुरेन्द्र गुप्ता लगायतले सम्बोधन गरेका थिए।



रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

☎ 031-450035
031-450086

पत्र सं.: ०७८/०७९
च.नं.

मिति :२०७८/०५/२७

विषय : पोखरी ठेक्का सम्बन्धि सुचना ।
(दोस्रो पटक प्रकाशित मिति २०७८/०५/२७ गते)

यस रुपनी गाउँपालिका भित्र रहेको तपशिल बमोजिमको सार्वजनिक पोखरीहरुको आ.व.०७८/०७९ मिति २०७८ असोज देखि २०८१ असार मसान्त सम्मका लागि ३ वर्ष तपशिलको शर्त बमोजिम ठेक्का लगाउनु पर्ने भएकोले तपशिल बमोजिमका गोप्य सिलबन्दी टेन्डरमा भाग लिन इच्छुक व्यक्ति फर्म संस्था तथा सर्वसाधारणको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. गोप्य सिलबन्दी फारम सम्बन्धि
   क. गोप्य सिलबन्दी टेन्डर फारम बिक्रि हुने मिति : २०७८/०५/२८ देखि
   ख. गोप्य सिलबन्दी टेन्डर फारम बुझाउने मिति : २०७८/०६/०४ दिउँसो १२:०० बजे सम्म
   ग. गोप्य सिलबन्दी टेन्डर फारम खुल्ने मिति : २०७८/०६/०४ गते दिउँसो ०२:०० बजे

२. ठेक्काको कबुल अंक निम्न बमोजिम हुनेछ ।

क. साबिक रायपुर २ हाल रुपनी २ मा रहेको भुराही पोखरीको सिलबन्दी फारम भर्दा कबोल अंक रु ६५००००.०० (अक्षरेपी रु. छ लाख पचास हजार मात्र) बाट सुरु गर्नु पर्नेछ ।

(नोट : हाल पोखरीको डिल निर्माण , मर्मत तथा सरसफाई समेत गर्नु पर्ने अवस्था रहेकोले कुल ठेक्का कवोल अंकको १५% रकम छुट दिइनेछ । सो १५% प्रतिशत रकमबाट कार्यालयको स्वीकृत ल.ई मुल्याङ्कन बमोजिको कार्य ठेक्कादरको तत्काल गर्नु गराउनु पर्नेछ ।

शर्तहरु

क. गोप्य सिलबन्दी टेन्डरमा भाग लिन मिति २०७८/०५/२८ देखि २०७८/०६/०४ सम्ममा फिर्ता नहुने गरी रु.३०० गाउँपालिकाको राजश्व शाखामा दाखिला गरी सिलबन्दी टेन्डर फारम लिन सकिनेछ ।

ख. टेन्डर फारम कबुल गरीएको अंकको ५ प्रतिशत रकम धरौटी बापत गाउँपालिकाको ग्लोबल आई.एम.ई. बैंक रुपनी शाखामा ग ३ धरौटी खाता रुपनीको खाता नं. ८६०४०१००००००५ मा दाखिला गरि सो को भौचर टेन्डर फारम साथ संग्लन राखि बुझाउनु पर्नेछ टेन्डर स्वीकृत / अस्वीकृत भए धरौटी वापत रकम फिर्ता गरिनेछन ।

ग. पोखरीको हकमा प्रथम किस्ता (एकतिहाई रकम) डाक सकार भएको ७ दिन भित्र र बाँकी दोस्रो र तेस्रो किस्ताको रकम प्रत्येक वर्षको पौष मसान्त सम्ममा दाखिला गर्नु पर्नेछ ।

घ. ठेक्का साकार गरिएको रकम एक मुष्ट बुझाएमा ५ प्रतिशत छुट दिनेछ ।

ङ. घटी वा बढी रकम टेन्डर सदर वा बदर गर्ने सम्पुर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

च. सबैभन्दा बढी अंक कबुल गर्ने व्यक्तिको टेन्डर स्वीकृत गरिनेछ र निजले आलटाल गरी ठेक्का लिन नचाहेमा धरौटी रकम जफत गरी क्रमशः दोस्रो र तेस्रो व्यक्तिलाई दिइनेछ । दोस्रो र तेस्रो व्यक्तिले चलन पुर्जी नलिए नदिए सम्म कार्यालयमा राखिनेछ । ठेक्का साकार गर्दा ठेक्का जमानत बापत ठेकेदार वा निजको एकाघर सगोलमा रहेका व्यक्तिहरुका नाममा रहेको घर जग्गा तथा अचल सम्पति(हालको चलन चल्तिको मुल्य ठेक्का कबुल अंकको दोब्बर मुल्याकङ्न हुने) सम्बन्धित मालपोत कार्यालयमा रोक्का राखिनेछ ।

छ. गत विगतमा ठेक्का लिइ सो बापत गाउँपालिकालाई बुझाउनु पर्ने रकम बुझाउन बाँकी रहेका व्यक्तिहरुको हकमा टेन्डरमा भाग लिन ग्राह्य मानिने छैन ।

अरविन्द कुमार चौधरी
(प्रमुख प्रशासकीय अधिकृत)

अरविन्द कुमार चौधरी
प्रमुख प्रशासकिय अधिकृत

🖳: www.rupanimun.gov.np ✉: rupanigaupalika@gmail.com
"सुन्दर, सुशासित र समृद्ध रुपनी, साकार पार्न अग्रसर छु म पनि"

# विश्व समाचार

## अफगानी महिला काममा फर्किंदै

काबुल, २७ भदौ (रासस/एएफपी)।

तालिबानले अफगानिस्तानमा कब्जा जमाएपछि विभिन्न क्षेत्रमा कार्यरत महिलाले सुरक्षाको कारण जनाएर जागीर छोड्न वाध्य छन्।

राजधानीको विमानस्थलमा कार्यरत रबिया जमालले भने करिब एक महिनापछि साहसिक निर्णय लिँदै कामलाई निरन्तरा दिएकी छिन्।

कट्टरपन्थी इस्लामले भने महिलाले सुरक्षाका कारण घरमै बस्नुपर्ने दबाब दिँदै आएका छन् तर तीन सन्तानकी आमा ३५ वार्षीया रबिया भने कामलाई निरन्तरता दिने निधोमा पुगेकी छिन्।

रबियाले भनिन्, "मलाई परिवार धान्न पैसा चाहिन्छ, घरमा बस्दा दिक्क भएँ अहिले जागिर सुरु गरेपछि खुसी छु। "विमानस्थलमा कार्यरत ८० महिलामध्ये तालिबानको कब्जापछि जम्मा १२ जना काममा फर्किएका छन्।

ती पनि राजधानी काबुलमा काममा जानका लागि अनुमति दिइएका थोरैमध्येमा पर्छन्। विमानस्थलमा कार्यरतमध्ये छ महिला विमानस्थलको मुख्य प्रवेशद्वारमा गफ गर्दै शनिबार हर्षित मुद्रामा यात्रुको प्रतीक्षामा थिए।

## चीनमा कोरोनाविरुद्ध दुई अर्ब चौध करोड डोज खोप लगाइयो

बेइजिङ, २७ भदौ (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसविरुद्ध दुई अर्ब १४ करोडभन्दा बढी डोज खोप लगाइ सकिएको सिन्ह्वा समाचार समितिले जनाएको छ।

देशभर दुई अर्व १४ करोड डोज खोप लगाइएको यहाँ राष्ट्रिय स्वास्थ्य निकायले आइतबार जानकारी दिएको छ।

चीनको हुबे प्रन्तको बुहान शहरबाट सन् २०१९ को डिसेम्बरबाट कोरोना भाइरसको सङ्क्रमण शुरु भएको थियो।

कोरोना भाइरसबाट प्रभावित भएका सबै देश यसको विरुद्ध खोप अभियान शुरु गरेका छन्। तर चीन खोप अभियान सबभन्दा अगाडि रहेको छ।

कोरोनाको कारण हालसम्म विश्वभर २२ करोड ५१ लाख ७४ हजार ४४२ जनाको सङ्क्रमित भएका छन् भने यसको सङ्क्रमणको कारण ४६ लाख ३९ हजार ८६७ जनाको मृत्यु भएको छ।

## बङ्गलादेशमा १८ महिनापछि विद्यालय खुले

ढाका, २७ भदौ (रासस/एएफपी)।

बङ्गलादेशमा १८ महिनापछि विद्यालय खुलेका छन्। लामो समयसम्म विद्यालय बन्द रहँदा बालबालिकाको सिकाइमा असर पर्ने युनिसेफको चेतावनीपछि आजदेखि विद्यालय खुलेका हुन्। राजधानीको एक विद्यालयमा आइतवार विद्यार्थीलाई फूल र मिठाइले स्वागत गरिएको थियो।

विद्यालय प्रशासनले प्रवेशद्वारमा विद्यार्थीको तापक्रम नापिरहेको देखिन्थ्यो। आवश्यक स्वास्थ्य मापदण्ड अपनाएर विद्यार्थीलाई कक्षाकोठामा प्रवेश गराइएको थियो। लामो समयपछि विद्यालयमा भेट हुँदा विद्यार्थी अङ्कमाल गर्दै खुशी साटासाट गर्दै गरेका भेटिन्थे। कोरोना भाइरसको सङ्कमणले गर्दा दक्षिण एशियामा विद्यालय बन्द रहेका छन्।

पन्ध्र वर्षीय मुन्तासिर अहमदले एएफपीसँग कुरा गर्दै भने, "लामो समयपछि साथीहरू र शिक्षकहरूलाई प्रत्यक्ष देख्न पाउँदा औधी खुशी लागेको छ। ल्यापटपको स्क्रिनमा हेरिएका अनुहारलाई प्रत्यक्ष भेट्न पाउँदाको छुट्टै रमाइलो छ।

"विद्यालयका सहायक प्रधानाध्यापक देवान ताम्जिदुजामानले भने, "मैले विद्यालय खुलेको पहिलो दिनमै यत्रो सङ्ख्यामा विद्यार्थीको उपस्थितिको अपेक्षा गरेको थिइनँ।" दूरसञ्चार प्रदायक संस्थाको अनुसार बङ्गलादेशको कुल जनसङ्ख्याको ४१ प्रतिशतसँग मात्र स्मार्ट फोन छ। ग्रामीण क्षेत्रका प्रायःविद्यार्थीसँग गुणस्तरीय इन्टरनेट र स्मार्ट फोनको सुविधा छैन। युनिसेफका अनुसार अनलाइन कक्षा सञ्चालन हुँदा त्यसमा सबैको पहुच नहुनाले विद्यार्थीका बीचमा सिकाइमा विभेद देखिएको छ।

त्यसैगरी भारतका १४ वर्षदेखि १८ वर्ष उमेर समूहका ८० प्रतिशत विद्यार्थीले अनलाइनका माध्ययमबाट पढ्दा कम प्रभावकारी रहेको बताएका छन्। भारतको झारखण्डका किसान दीपु सिहले आफ्ना बच्चा एक वर्षदेखि विद्यालय जान नपाएका र घरमा इन्टरनेटको सुविधा नभएकाले सिकाइबाट वञ्चित भएको बताएका छन्। युनिसेफको प्रतिवेदनले भारतका अन्य दुर्गम क्षेत्रमा पनि त्यस्तै रहेको जनाएको छ।

त्यस्तै पाकिस्तानको दुर्गम क्षेत्रका २३ प्रतिशत विद्यार्थीसँग इन्टरनेट र अन्य विद्युतीय उपकरणको उपलब्धता छैन। नेपालका केही शहरमा भने इन्टरनेट नहुँदा रेडियोमार्फत पढाइ सञ्चालन गरिएको छ। नेपालको एक विद्यालयकी शिक्षिका रजनी केसीले एएफपीलाई आफूहरू महामारीमा शैक्षिक सत्र सहजरूपले अगाडि बढाउन नसक्दा जटिल अवस्थामा रहेको बताएकी छिन्।

# सिगियौनामा आँखा शिविर सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौं ।**

राजबिराज आँखा एण्ड जनरल हस्पिटलले सिगियौनामा एक दिने निःशुल्क आँखा चेकजाँच तथा अपरेशन शिविरको सम्पन्न गरेको छ ।

राजबिराज वडा नं. १२ स्थित सिगियौनामा एक दिने निशुल्क आँखाको अपरेशन शिविर मा १६ जना मोतियाबिन्दु र ४ जना मासु पलाएका बिरामीलाई अपरेशन गरिएको छ ।

उक्त शिविरमा पता लागेका ५२ जना मोतियाविन्द मध्ये १६ जना बिरामीलाई शनिवार राजबिराजस्थित आँखा एण्ड जेनरल अस्पतालमा निःशुल्क अपरेशन गरिएको अस्पताल समितिका अध्यक्ष संतोष यादवले जानकारी दिएका छन् ।

राजबिराज वडा १२ का वडा अध्यक्ष हरिहर यादवको पहल तथा सहयोगमा आयोजित शिविरमा वडा १२ र १३ सिगीयौना, दमाबति, पिपराही गाउवाट आउने १ सय ६७ जना बिरामीले सेवा लिएका छन ।

अस्पतालका डा. महेश यादवको नेतृत्वको टोलीले ६ जनाको टोलीले निशुल्क आँखा अपरेशन गरेको अस्पताल प्रशासनले बताएका छन । उक्त शिविरमा उपचार गराउने आउने सेवाग्राहीहरूलाई विभिन्न किसिमको औषधी समेत बितरण गरिएको अस्पतालले जनाएको छ ।

### राजनैतिक आडमा ...

यस्तै किसिम अर्को एक प्रकरणमा ICHM Nepal तथा ICHM Lalitpur कलेजका समस्याग्रस्त ब्याच "२०१३" को समाधान हुदै गर्दा झा कै सम्योजकत्वमा WLC Nepal का संचालक समेत रहेका संजय झाको ठाडो निर्देशनमा अकल प्रसाद जोशीले विद्यार्थीसग लाखौ रकम उठाएका थिए । झा समेत रहेका ICHM Nepal का संचालक शिबकुमार श्रेष्ठको संयोजकत्वमा वितरण भएको लाब्धंकपत्र समेत ठिक छ भन्ने कुरा शंकास्पद रहेको देखिन्छ ।

यी त ठगीका केहि उदाहरण मात्र हुन् । यसरी अनेक तवरले करोडौ रुपैया ठगि गर्दै खोलिएको बिभिन्न कलेजको अध्यक्ष तथा सिईओ लगायत अन्य पदमा रही कलेज संचालन गर्दै आईरहेका छन संजय झा ।

# एमालेद्वारा नगर तथा वडा कमिटिका पदाधिकारीको सम्मान




**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

नेकपा एमालेको नवगठित बोदे बसाईन नगर तथा वडा कमिटिका पदाधिकारी सदस्यहरुलाई शनिवार एक कार्यक्रमका बीच सम्मान गरिएको छ ।

बोदे बसाईन नगरपालिका ३ नेगड्रामा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा नेकपा एमालेका नेताहरुले नगर र वडा कमिटिका पदाधिकारी सदस्यहरुलाई दोसल्ला ओढाएर सम्मान गरेका हुन् ।

कार्यक्रममा नेकपा एमालेका राष्ट्रिय परिषद् सदस्य देवनारायण चौधरी, जिल्ला कमिटी सदस्य बृजनारायण साह, बिल्टु दास, नेता मो.इस्लाम लगायतले नवगठित नगर तथा वडा कमिटिका पदाधिकारी र सदस्यहरुलाई सम्मान गर्नुभयो ।

स्थानीय बकस मियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बक्ताहरुले उत्पीडित समुदायको हितमा एमालेले मात्र काम गर्ने भएकाले पार्टीलाई मजबुत बनाउनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रमको सञ्चालन नेकपा एमाले बोदे बर्साइन नगरसमितिका सचिव मो. साबिर हुसेनले गर्नुभएको थियो ।

# नक्कली नेपाली नोटसहित पाँच पक्राउ

**दैनिक समाचारदाता**
**बारा, २७ भदौं ।**

बाराबाट प्रहरीले जाली नोटको कारोबारमा संलग्न रहेको आरोपमा पाँचजनालाई एक होटलबाट पक्राउ गरेको छ ।

पक्राउ परेका साथबाट प्रहरीले नक्कली नेपाली रूपैयाँ १ हजार दरका २५ थान नोट, बा ९१ प ७४३५ नम्बरको मोकरसाईकल र बा १४ च ९३८२ नम्बरको स्कारपियो गाडीसमेत बरामद गरेको छ ।

पक्राउ पर्नेमा रौतहट गुजरा नगरपालिका ३ निवासी २४ वर्षीय सुनिल कुमार राम, ३६ वर्षीय रबिन्द्र कुमार चौधरी, बारा करैयामाई गाउँपालिका ५ का ३६ वर्षीय विशेश्वरप्रसाद चौधरी, बारा कलैया उपमहानगरपालिका ९ का २४ वर्षीय सागर शुक्ला र कलैया उपमहानगरपालि ९ हाल बारा बिश्रामपुर गाउँपालिका ५ ईटियाही टोल बस्ने २५ वर्षीय राजु कुशवाह रहेका छन् ।

दिनदेखि सो होटलमा नेपाली नक्कली नोटको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ परेका उनीहरुलाई मुद्रा सम्बन्धी कसूर (खोटा चलन) मुद्दामा बारा जिल्ला अदालतबाट ७ दिनको म्याद थपेको छ भने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# 'नो मास्क, नो सर्भिस'

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २७ भदौं ।**

प्रदेश २ सरकारले 'नो मास्क, नो सर्भिस' अभियान चलाउने निर्णय गरेको छ ।

प्रादेशिक कोभिड संकट व्यवस्थापन केन्द्रको आइतबार बसेको मास्कको प्रयोग नगर्नेलाई सेवा नदिने निर्णय गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

बैठकले कोरोना संक्रमितहरुको संख्यामा कमी आएको बैठकले ठहर गर्दै संक्रमितको संख्यामा कमी आएपनि सर्वसाधारणले मास्कको प्रयोग गर्न नमानिरहेकाले अभियान चलाउने निर्णय भएको मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

सरकारले सर्वसाधारणलाई मास्क प्रयोग गर्ने सम्बन्धमा सञ्चारमाध्यममा जनचेतनामूलक विज्ञापन प्रकाशन/प्रसारण गराउने निर्णय पनि गरेको छ ।









**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np